# प्रभु बैंक लिमिटेड,मुख्य शाखा कार्यालय बबरमहल, काठमाडौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/१९ गते मंगलबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०४/०६ गते मंगलबारको कारोबार राष्ट्रिय दैनिकमा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले २०८२/०९/०३ गते बिहिबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री सम्बन्धी १५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा लिलाम विक्री हुन नसकेकोले मिति २०८२/१२/१० गते मंगलबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री सम्बन्धी ७ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा लिलाम विक्री नभएको हुँदा कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०२/२६ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ**मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

<table>
<tr><td colspan="3">क. ऋणी तथा जमानतकर्ताको विवरण :</td></tr>
<tr><td>१</td><td>ऋणीः राम सुन्दर दुवाल (ना.प्र.नं २९-०१-०६४-०११३३, जारी मिति २०६४/०९/१७, प्रतिलिपि जारी मिति २०७१/११/१२, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर) । ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १० (साविक भक्तपुर न.पा. वडा नं. ४) । बाबुः कृष्ण भक्त दुवाल । बाजेः रत्न लाल दुवाल ।</td><td>जमानतकर्ताः पारवती दुवाल (ना.प्रं.नं. ३/६४५) जारी मिति २०४४/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर) ।<br>ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा.वडा नं. १० (साविक भक्तपुर न.पा. वडा नं. ४) ।<br>बाबुः सत्य नारायण वासी ।<br>पतिः कृष्ण भक्त दुवाल । ससुराः रत्न लाल दुवाल ।</td></tr>
<tr><td colspan="2">जमानतकर्ताः कृष्ण सुन्दर दुवाल (ना.प्र.नं १२३०६, जारी मिति २०६०/०३/२६, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर) । ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा.वडा नं. १० (साविक भक्तपुर न.पा. वडा नं. ४) ।<br>बाबुः कृष्ण भक्त दुवाल । बाजेः रत्न लाल दुवाल ।</td><td>जमानतकर्ताः विना अवाल (ना.प्र.नं २२०६३, जारी मिति २०६१/१०/०४, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर) । ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा.वडा नं. १० (साविक भक्तपुर न.पा. वडा नं. ४) ।<br>बाबुः भैल प्रसाद अवाल । पतिः कृष्ण सुन्दर दुवाल ।<br>ससुराः कृष्ण भक्त दुवाल ।</td></tr>
<tr><td colspan="2">जमानतकर्ताः इन्दिरा कैटी (ना.प्र.नं. २९३००१/७८३, जारी मिति २०६६/०७/२९, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर) । स्थाई ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ६ (साविक भक्तपुर न.पा. वडा नं. ९) । हालको ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा.वडा नं. १० । बाबुः विकु लाल कैटी ।<br>पतिः राम सुन्दर दुवाल । ससुराः कृष्ण भक्त दुवाल ।</td><td>ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :<br>जमानतकर्ता पारवती दुवालको नाममा मालपोत कार्यलय, भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं. ७ नक्सा सिट नं. ७क कित्ता नं. ४५३ क्षेत्रफल १-६-२-० (रोपनी) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........ ...................... ....१</td></tr>
</table>

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा वा लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौंमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x26